नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: ~~neba@nepalbar.org~~
neba@nepalbar.org.np
वेब: ~~www.nepalbar.org~~
www.nepalbar.org.np

प.सं.

मिति: २०७८/०७/२६

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन सासंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

# प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशनले न्यायपालिकाको विकृती, विसंगती, विचौलिया, भ्रष्टाचार नियन्त्रण गरि समग्र सुधारकालागि बर्तमान प्रधान न्यायाधीशज्यू बाधक देखिएकोले उहाँको राजिनामा माग गरि कार्तिक १४ गतेदेखि शुरु गरेको शान्तिपूर्ण विरोध कार्यक्रम सञ्चालन गरि आएकोमा आज मिति २०७८।०७।२६ गते शुक्रबार विहान ९:३० वजे देखि अदालत प्राङ्गणमा गर्न लागिएको शान्तिपूर्ण विरोध सभा कार्यक्रमलाई अवरोध गर्ने उदेश्यले अदालत परिसरलाई सशस्त्र प्रहरीको व्यारेक जस्तो वनाई नेबाएबाट सर्वोच्च अदालत प्रवेश गर्ने ढोका र सर्वोच्च अदालतको मूल ढोका समेत वन्द गरिएको प्रति नेबाएको गम्भिर ध्यानाकर्षण भएको छ । यो घटना न्यायपालिकामा न्यायपालिका प्रमुख र प्रशासकीय प्रमुख समेतको ठाडो आदेशबाट हुनु अत्यन्त आपत्तीजनक र निन्दनीय कार्य हो । सँधै कलम र आवाज लिएर अदालतका सहयोगी अदालतको अधिकृत सरह भै अदालत, इजलासलाई लिखत मस्यौदा र आफ्नो वहस पैरवी मार्फत न्याय सम्पादन कार्यमा सहयोग गर्ने कानून व्यवसायीहरुलाई बार वेञ्च एक सिक्काका दुई पाटा भन्ने सर्वमान्य मान्यता विपरित हतियार सहितका दंगा प्रहरी प्रयोग गरी ढोका वन्द गर्न उद्यत रहेको हामीलाई महशुस भएको छ । प्रधान न्यायाधीश र सर्वोच्च अदालत प्रशासनको यो रवैया कुनै अर्थमा पनि उचित मान्न सकिदैन । यो घटनाले नेपालको न्यायपालिकाको छवि नेपालमा मात्र नभई अन्तराष्ट्रिय जगतमा पनि धुमिल हुन गएको छ । यसबाट पनि न्यायपालिका प्रमुखको तत्काल राजिनामाको औचित्य थप पुष्टी भएको छ । तसर्थ, अदालत भित्र नियमित दरवन्दिका सुरक्षाकर्मी वाहेक अन्य सशस्त्र प्रहरी प्रवेश तत्काल रोकियोस, अदालत र बार विचको ढोका तत्काल खुल्ला गरि सहज आवागमन गर्ने वातावरण बनाइयोस भनि सर्वोच्च अदालत प्रशासनसँग जोडदार माग गर्दछौं। भोलिका दिनमा पनि यस्तै रवैया रहेमा नेबाएको धैर्य टुट्न गै उत्पन्न हुने परिस्थितिको जिम्मेवार स्वयं प्रधान न्यायाधीश र अदालत प्रशासन नै हुने व्यहोरा जानकारी गराउँदछौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव